विद्यालयहरुको विज्ञान/स्टेम ल्याव स्थापना/स्तरीकरण र संचालन अनुदान कार्यक्रमका लागि गरिने

# सम्झौता फाराम

## आ.व.२०७८/०७९

| |
|---|
| विद्यालयको नाम :- |
| ठेगाना :- |
| खाता नं. :- |
| खातावालाको नाम (चेकमा उल्लेख भए अनुसार) :- |
| बैंकको नाम :- |
| सम्पर्क नं. :- |
| बिद्यालय कोडः- |
| इमेल ठेगानाः- |

अनुदान प्राप्त उप कार्यक्रमहरु :-

१.

२.

प्रदेश सरकार

लुम्बिनी प्रदेश

शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय

शिक्षा तथा सामाजिक विकास निर्देशनालय

## सामाजिक विकास डिभिजन कार्यालय

नेपालगंज,बाँके

## शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँके र विज्ञान/स्टेम ल्याव स्थापना/स्तरीकरण र संचालन अनुदान प्राप्त विद्यालयहरुसँग कार्यक्रम कार्यान्वयन सम्बन्धमा भएको सम्झौता

आ.व. २०७८/०७९ मा शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय, लुम्विनी प्रदेश, मुकाम: वुटवल र सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँकेद्धारा कार्यान्वयन गरिने विज्ञान/स्टेम ल्याव स्थापना/स्तरीकरण र संचालन अनुदान प्राप्त विद्यालयको लागि ल्याव स्थापना/स्तरीकरण र संचालन कार्यक्रम अन्तर्गत वजेट शिर्षक नं.३५०००१४३ (शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम ) को खर्च शिर्षक नं. २५३११ मा प्राप्त अनुदान रु.५,००,०००/- (अक्षरुपी पाँच लाख मात्र ।) विज्ञान/स्टेम ल्याव स्थापना/स्तरीकरण र संचालन कार्यक्रम कार्यान्वयनको लागि श्री सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँके ( प्रथम पक्ष ) र श्री ................................................................................. विद्यालय, ............................ .जिल्ला ................................................... गाउँपालिका / नगरपालिका / उप -महानगरपालिका वडा ..................... दोस्रो पक्ष बीच देहाय अनुसारको शर्त रहने गरि यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं । इति सम्वत २०७९/ / गतेमा शुभम्................. ।

(क) **प्रथम पक्ष सामाजिक बिकास डिभिजन कार्यालय बाँकेले पालन गर्नु पर्ने शर्तहरु :-**

- विद्यालयलाई तोकिएको रकम उपलब्ध गराइ सो सम्बन्धी कार्यको स्टेम संयोजकबाट नियमित रुपमा अनुगमन गर्नेछ ।
- निर्देशनालय/डिभिजन कार्यालयले सम्बन्धित विद्यालयको नाममा................................................. बैङ्क लि. ..........................शाखा मा रहेको हिसाव खाता नं. .......................................................मा अनुदान रकमको पहिलो किस्ता ४० प्रतिशत सम्झौता भएपछि र कार्य सम्पन्न र स्टेम संयोजकको अनुगमन प्रतिवेदन पश्चात ६० प्रतिशत रकम गरी जम्मा रकम उपलब्ध गराईनेछ ।
- विद्यालयलाई उपलब्ध गराइएको अनुदान रकमको सदुपयोगको सुनिश्चितता नभएसम्म सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँके पूरा बजेट निकासा दिन बाध्य हुने छैन ।
- विद्यालयले सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँकेबाट प्राप्त हुने कुल रकममा १० प्रतिशतमा नघटने गरी विद्यालयको योगदान देखिने किसिमबाट कार्य गर्नुपर्नेछ र काम गरेको प्रतिबेदन र आवश्यक वील भरपाई प्राप्त भएपछि मात्र यस कार्यालयले अन्तिम किस्ता रकम विद्यालयको बैक खातामा निकासा दिनेछ ।

(ख) **दोस्रो पक्ष विद्यालयहरुले पालन गर्नुपर्ने शर्तहरु :-**

- विज्ञान/स्टेम ल्याव स्थापना/स्तरीकरण र संचालन कार्यक्रम शिर्षकवाट प्राप्त रकम विद्यालयको आवश्यक्तानुसार विद्यालय व्यवस्थपन समितको निर्णय गरि विज्ञान सामग्री/उपकरण खरिद तथा विज्ञान प्रयोगशाला व्यवस्थापन कार्य गर्नुपर्नेछ ।साथै प्रयोगशाला सामग्रीहरु राख्नका लागि आवश्यक दराज, र्याक, कुर्ची आदि र प्रयोगशाला कक्षमा बसेर प्रयोगात्मक कार्य गर्न आवश्यक पर्ने ठाउँ सहितको कोठा विद्यालयको तर्फबाट व्यवस्था गर्नुपर्नेछ ।
- विज्ञान/स्टेम ल्याव स्थापना/स्टरीकरण र संचालन कार्यक्रम सम्बन्धी विज्ञान शिक्षकबाट आवश्यक सूची तयार गरि विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई लागु गर्नुपर्नेछ ।
- प्रयोगशाला स्थापना/स्तरीकरणलाई प्राप्त रकमबाट आवश्यक गणित र विज्ञान विषयका प्रयोगात्मक कार्य तथा नवप्रवर्तनात्मक कामका लागि स्टेम प्रयोगशाला व्यवस्थापन सामाग्री राख्ने व्यवस्था मिलाउन पर्नेछ ।
- विद्यालयमले विज्ञान/स्टेम ल्याव स्थापना/स्तरीकरण र संचालन कार्यक्रम शिर्षकवाट व्यवस्थापन खर्च १० प्रतिशत र विज्ञान/स्टेम ल्याव सामाग्रीहरुमा ९० प्रतिशत खर्च गर्नु पर्नेछ । सोही अनुपातमा अनुदान रकम खर्च गर्नुपर्ने छ अन्यथा यस कार्यालयबाट भुक्तानी दिन बाध्य हुने छैन ।

कार्यालयको छाप :- प्रधानाध्यापकको दस्तखत :- विद्यालयको छाप :-

कार्यालय प्रमुख दस्तखत :- वि.व्य.स.अध्यक्षको दस्तखत :-

- विद्यालयमा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गर्नुछ यदि सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गरेको नपाईएमा उपलब्ध गराइएको रकम असुल उपर गरिनेछ ।
- विद्यालयले प्राप्त गरेको अनुदान रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि खर्च गर्नुपर्नेछ । अन्य प्रयोजनमा खर्च भएमा खर्च लेख्ने सम्बन्धित विद्यालयका प्र.अ. र वि.व्या.स.अध्यक्षबाट उक्त रकम असुल उपर गरिनेछ । साथै सामाजिक विकास डिभिजन कार्यालय बाँकेमा विद्यालयबाट अन्तिम भुक्तानीका लागि पेश भएको सक्कल काजगातहरुको आधारमा काम सम्पन्न भई भुक्तानी भए पश्चात आन्तरिक र अन्तिम लेखापरिक्षण क्रममा कायम हुने बेरुजु फरफरक गर्ने, गराउने प्रयोजनका लागि डिभिजन कार्यालयलाई आवश्यक पर्न गएमा सम्बन्धित विद्यालयको अनुदान रकमको ५ देखि १० प्रतिशतसम्म धरौटी कट्टी गर्न सकिनेछ ।
- विद्यालयले सामाजिक विकास डिभिजन कार्यालयलाई उपलब्ध गराईएको ***स्वःघोषणा पत्रमा*** उल्लेख बुदाँहरु पुर्णपालना गर्नु पर्नेछ । कार्यक्रम सञ्चालन क्रममा कुनै बाधा अड्चन आइपरेमा आपसी सहमतिबाट त्यस्ता वाधा अड्चन हटाइनेछ ।
- विद्यालयले **२०७९ साल जेष्ठ १५ गतेभित्र** कार्य सम्पन्न गर्नुपर्नेछ । कार्यक्रम सञ्चालन गर्दा कुनै किसिमको विवाद उत्पादन भएमा सम्बन्धित क्षेत्र प्रदेश सभा सदस्यको समन्वयमा कार्यक्रम प्रभावकारी र फलदायी बनाउन आवश्यक्ता अनुसार दुवै पक्षबीच आपसी छलफल गर्न सकिने छ । साथै कुनै कारण जनाइ वा नजनाई कार्यक्रम संचालनमा कठिनाई हुन गएमा यो सम्झौता रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
- विद्यायलले विशेष शिक्षा अन्तर्गत अध्ययनरत विद्यार्थीहरुलाई प्रत्यक्ष लाभ हुने किसिमको विशेष पद्धति र ढाँचामा शिक्षा दिन आवश्यक पर्ने अपाङ्गता भएका बालबालिकाको सिकाइसम्बन्धी आवश्यकता पहिचान गरि विशेष शिक्षा अध्यापकबाट लिखित रुपमा लिई सोही अनुसार विद्यालय व्यवस्थापन समितिबाट निर्णय गरि खर्च गर्नुपर्नेछ । सो कार्यबाहेक कार्यक्रममा खर्च गर्न पाइनेछैन। अन्य कुराको हकमा प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।
- विद्यालयले विशेष शिक्षा कक्षामा व्यवस्थापन गरी सो को प्रतिवेदनको फाईल **२०७९ साल जेष्ठ १५ गतेभित्र खर्चका विल भरपाई व्यवस्थापन समितिको निर्णय स्थानीय तहको कार्य सम्पन्न भएको सिफारिस अनुदान फछ्यौंटको लागि विद्यालयको कभरिङ्ग लेटर सहितको फाइल अनिवार्य रुपमा** यस सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज बाँकेमा पेश गर्नुपर्नेछ ।

(ग) कबुलियतनामा

विद्यालयहरुको विज्ञान/स्टेम ल्याव स्थापना/स्तरीकरण र संचालन अनुदान कार्यक्रम अन्तर्गत शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालयको अनुदान सहयोग प्राप्तिको लागि गरिने कबुलियतनामामा देहाय बमोजिम हुनेछ ।

| सि.नं. | कार्यक्रमको विवरण | संख्या | एकाई | साझेदारीमा स्थानीय तह/विद्यालयले योगदान गर्ने रकम (रु) | कार्यक्रमको जम्मा अनुदान सहयोग रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| कूल जम्मा | | | | | | |

कार्यालयको छाप :-
कार्यालय प्रमुख दस्तखत :-

प्रधानाध्यापकको दस्तखत :-

विद्यालयको छाप :-
वि.व्य.स.अध्यक्षको दस्तखत :-

## *सम्झौता गर्ने पदाधिकारीहरु*

*सामाजिक विकास डिभिजन कार्यालय तर्फबाट*

कार्यालय प्रमुख :- राम करन पाल

हस्ताक्षर :-

प्रशासन शाखा प्रमुख :- गुमान सिंह न्यौपाने

हस्ताक्षर :-

स्टेम संयोजक :- दीपक पोखेल

हस्ताक्षर :-

निर्देशनालय/डिभिजन कार्यालयको छाप :-

*विद्यालयको तर्फबाट साक्षी*

नाम थर :-

ठेगाना :-

पद :-

दस्तखत :-

*विद्यालयको तर्फबाट*

अध्यक्ष :-

हस्ताक्षर :-

प्रधानाध्यापक :-

हस्ताक्षर :-

विद्यालयको नाम :-

विद्यालयको छाप :-

पालिकाको तर्फबाट

प्रमुख प्रशासकिय अधिकृत :-

हस्ताक्षर :-

पालिकाको छाप :-

विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको नामावली ।

| क्र.सं | नाम र थर | पद | मोवाइल नम्बर | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

**सम्झौता सम्पन्न भएको मिति :- २०७९/०१/ गते ।**

*नोट :-* यस सम्झौता पत्रमा उल्लेखित विवरणहरुको विद्यालय व्यवस्थापन समितिको बैठकमा समितिका सम्पूर्ण सदस्यहरुलाई जानकारी गराउनु हुन र प्रत्येक पेजमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकले दस्तखत गरी विद्यालयको छाप समेत लगाउनुहुन अनुरोध छ ।

कार्यालयको छाप :-
कार्यालय प्रमुख दस्तखत :-

प्रधानाध्यापकको दस्तखत :-

विद्यालयको छाप :-
वि.व्य.स.अध्यक्षको दस्तखत :-

श्री..........................................................................विद्यालय

...........................................

प.सं. :- २०७८/०७९

च.नं. :- मिति :-

# स्वःघोषणा पत्र ।

यस.......................................विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष श्री...................................... र प्रधानाध्यापक श्री.............................................ले सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँके र यस विद्यालयले मिति २०७८/१०/ गते.........................................कार्यक्रम संचालनका लागि भएको सम्झौता कार्यान्वयन सन्दर्भमा ९ बुँदे घोषणा पत्र गरेको छु ।

- शिक्षा ऐन, २०२८ र नियमावली, २०५९ (आठौं संशोधन, २०७१) साथै स्थानीय तहले बनाएको विद्यालय शिक्षा संचालन, व्यवस्थापन तथा नियमनका सम्बन्धमा बनेको कार्यविधिले गरेको व्यवस्था अनुरुप विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार पूर्णरूपमा पालना गरेको छु ।
- शिक्षा ऐन, २०२८ र नियमावली, २०५९ (आठौं संशोधन, २०७१) साथै स्थानीय तहले बनाएको विद्यालय शिक्षा संचालन, व्यवस्थापन तथा नियमनका सम्बन्धमा बनेको कार्यविधिले गरेको व्यवस्था अनुरुप विद्यालयका प्रधानाध्यापक र शिक्षकको काम, कर्तव्य र अधिकार पूर्णरूपमा पालना गरेको छु ।
- शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालय बाँकेबाट मिति २०७८/०८/ गते छनौट भएको कार्यक्रममा यस विद्यालयले अन्य निकायबाट उक्त कार्यक्रममा सहयोग प्राप्त भएको वा दोहोरो नपर्ने गरि कार्यक्रम संचालन गरेको भनी सुनिश्चित गराउछौं ।
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ( दशौं संशोधन, २०७७ ) ले तोकेको प्रक्रिया अनुरुप यस विद्यालयले गर्नु पर्ने सम्पूर्ण कार्यहरु सम्पन्न गरि प्रचलित कानूनको पूर्णपालना गरि कार्यसम्पादन गरेको छौं ।
- शिक्षा ऐन, २०२८ र नियमावली, २०५९ (आठौं संशोधन, २०७१) साथै स्थानीय तहले बनाएको विद्यालय शिक्षा संचालन व्यवस्थापन तथा नियमनका सम्बन्धमा बनेको कार्यविधि वा प्रचलित ऐन र नियमावलीहरुले विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकलाई तोकिएको काम, कर्तव्य र अधिकार भन्दा विपरीत निर्णय वा कार्य सम्पादन यस विद्यालयले गरेमा सो निर्णय वा कार्य सम्पादन गरेको खर्च रकम भुक्तानीको लागि सामाजिक विकास डिभिजन कार्यालय बाध्य हुने वा गराउने छैन ।
- सामाजिक विकास डिभिजन कार्यालयमा यस विद्यालयबाट अन्तिम भुक्तानीका लागि पेश भएको सक्कल काजगातहरुको आधारमा काम सम्पन्न भई भुक्तानी भईसकेपछि प्रदेश लेखा नियन्त्रक ईकाईबाट आन्तरिक लेखा परिक्षण र महालेखा परिक्षकको कार्यालयबाट अन्तिम लेखा परिक्षण हुँदा असुल उपर गर्ने भनि बेरुजु कायम हुन गएमा त्यस्तो बेरुजुको फरफरक गर्ने, गराउने र बेरुजू रकम दाखिला विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र प्रधानाध्यापकबाटै गर्न गराउन मन्जुर छौं ।
- सामाजिक विकास डिभिजन कार्यालयमा अन्तिम भुक्तानीका लागि यस विद्यालयबाट पेश गरेको मालसामानहरु विल भरपाई प्रचलित वस्तुको वास्तविक मूल्यमा मालसामानहरु खरिद गरिएको छ । यदि यस विद्यालयले भूलवस प्रचलित बजार मूल्यभन्दा बढी मूल्यको विल पेश हुन आएमा तहाँ कार्यालयले बास्तविक बजार मूल्य भन्दा नबढने गरि भुक्तानीको लागि बाध्य हुने वा गराउने छैन ।
- सामाजिक विकास डिभिजन कार्यालय नेपालगंजबाट अनुगमन र सुपरिवेक्षण गर्न यस विद्यालयमा खटिएका प्राविधिक वा अन्य कर्मचारीहरुलाई यस विद्यालयले सम्झौता गर्दा पेश भएका विस्तृत कार्ययोजन अनुरुप कार्यहरु सम्पादन भएको कुरा विस्तृत रुपमा देखाई र भए गरेका कार्य गुस्तरीय, जवाफदेहीता, सुशासन र पारदर्शिता हुने कुरामा अनुगमनकर्तामार्फत तहाँ कार्यालयलाई विश्वसनीयता पनि दिलाउन चाहन्छौं।
- यस विद्यालयबाट गुस्तरीय, जवाफदेहीता, सुशासन र पारदर्शिता हुने गरि खरिद भएको मालसामान र निर्माण कार्यमा कुनै पनि त्रुटी भएमा सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँके जवाफदेही नभई यस विद्यालय व्यवस्थापन समिति र विद्यालय स्वंयम हुने र यस्ता त्रुटीपूर्ण भई सम्पन्न भएका कार्यको भुक्तानी दिन सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँके बाध्य नहुने वा नगराउने भनी मन्जुर छौं ।

**प्रधानाध्यापक नाम, थर :-** **व्यवस्थापन समितिको अध्यक्षको नाम, थर :-**

**दस्तखत :-** **दस्तखत :-**

मिति :- विद्यालयको छाप :- मिति :-